जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक ४१ • २०८२ मंसिर १७ गते बुधवार • 3 Dec. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

"Education Is The Light Of Life"
NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
(विश्वकर्मा चौक देखि संकटमोचन स्कूल जाने बाटोमा)
Our Running Programme

| Computer Class & English Language | Coaching Class | Tuition Class | Entrance Preparation | Bridge Course |
|---|---|---|---|---|
| | 6,7,8,9,10 | +2 Science<br>+2 Management | • H.A.<br>• Staff Nurse<br>• D-Pharmacy<br>• CMLT (Lab)<br>• Opthalmic Science<br>• Diploma in Civil, Electrical Mechanical Engineering<br>• Lab Technician | • Science<br>• Management<br>• CMAT Preparation |

लोक सेवा आयोग
(१) खरिदार,ना.सु., अधिकृत (३) शिक्षक सेवा (५) शिक्षा सेवा (७) स्वास्थ्य सेवा
(२) प्रहरी सेवा (४) बैंक सेवा (६) महिला विकास (८) प्राविधिक सेवा

हाम्रो विशेषताहरु
१. दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाद्वारा मनोवैज्ञानिक तरिकाबाट कक्षा संचालन
२. Computer Class को व्यवस्था
३. अंग्रेजी र नेपाली दुवै माध्यममा अध्ययन अध्यापनको व्यवस्था
४. विहान र बेलुका दुवै समयमा अध्ययन अध्यापनको व्यवस्था
५. प्रत्येक महिनाको अन्त्यमा Monthly Test को व्यवस्था र प्रथम, द्वितिय र तृतिय हुनेलाई पुरस्कारको व्यवस्था ।
६. प्रत्येक कक्षामा सि.सि.टि.भि. क्यामरा द्वारा अनुगमन तथा प्रोजेक्टर द्वारा पठन-पाठन गराइने
७. प्रत्येक शुक्रवार Revise Class को व्यवस्था
८. कमजोर विद्यार्थीहरुका लागि विशेष कक्षाको व्यवस्था
९. गरीब,दलित, शहीद परिवार, अपाङ्ग विद्यार्थीहरुका लागि विशेष छुटको व्यवस्था
१०. प्रत्येक विद्यालयका प्रथम, द्वितिय र तृतीय विद्यार्थीलाई विशेष छुटको व्यवस्था
११. प्रत्येक शनिवार कुनैपनि विद्यार्थीले न्युनतम शुल्कमा लोकसेवा आयोगको परिक्षा दिई Feed back कक्षा लिन पाउने सुविधा
१२. Free Wifi को व्यवस्था
१३. Hostel तथा यातायातको व्यवस्था ।
9854025530 / 9824885783

# २१ फागुनमा हुने भनिएको प्रतिनिधिसभा चुनावमा पहिलो पटक सहभागी हुन लागेका २६ नयाँ दल

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ मंसिर



२१ फागुनमा हुने भनिएको प्रतिनिधिसभा चुनावमा पहिलो पटक सहभागी हुन लागेका २६ नयाँ दलमध्ये धेरैजसोले संगठन विस्तारसँगै चुनावी गठबन्धन र सहकार्यको रणनीति लिएका छन् । नयाँ दल गठन गरेर चुनावी तयारी गर्नेमा समाजका विभिन्न क्षेत्रमा स्थापित व्यक्तिदेखि जेन-जी आन्दोलनमा संलग्न अगुवासम्म रहेका छन् ।

पुराना दलमध्ये कांग्रेस र एमाले महाधिवेशनबाट नयाँ नेतृत्व ल्याउने वा पुरानै नेतृत्वलाई पुनर्जीवन दिने तयारीमा छन् भने माओवादी र एकीकृत समाजवादीलगायत मिलेर बनेको नेकपाले प्रदेशमा चुनावलक्षित एकता सभा गरिरहेका छन् । तर, नयाँ दलहरू कोही चुनावी गठबन्धन र सहकार्यको कसरतमा छन् भने कोही जनतामा गएर संगठन विस्तारका लागि एजेन्डा बाँडिरहेका छन् ।

अन्तरिम सरकारमा ऊर्जा, भौतिक पूर्वाधार र सहरी विकास गरी तीन मन्त्रालयको नेतृत्व गरिरहेका कुलमान घिसिङको संरक्षकत्वमा उज्यालो नेपाल पार्टी (उनेपा) दर्ता भएको छ । अनुपकुमार उपाध्याय अध्यक्ष रहेको यो दलले संगठन निर्माणसँगै चुनावी तयारी थालेको छ । मन्त्रीबाट हटेपछि उनेपाको अध्यक्ष बन्ने घिसिङ स्वयं र हालका अध्यक्ष उपाध्यायले सार्वजनिक अभिव्यक्ति दिँदै आएका छन् । उपाध्याय पूर्वऊर्जा सचिव हुन् । यो दलमा इन्जिनियरिङ क्षेत्रका व्यक्ति र पूर्वकर्मचारीको बाहुल्यता छ । वातावरणविद् सागर ढकाल, डा. अभिषेकराज सिंहलगायतका अभियन्ता पनि यसमा समावेश छन् ।

१७ मंसिरमा पार्टी गठन घोषणा गर्न लागेको उज्यालो नेपालले केन्द्रीय सदस्यलाई जिल्ला-जिल्लामा संगठन निर्माणका लागि खटाएको छ । शंकर ढकालको नेतृत्वमा चुनावी घोषणापत्र लेखन समिति गठन गरिएको छ भने तारा जोशीको संयोजकत्वमा विभिन्न पार्टीसँग वार्ता गर्न समिति बनाइएको छ । घोषणापत्र लेखन समितिका प्रमुख ढकाल पेसाले इन्जिनियर हुन् भने वार्ता समिति सदस्य जोशी सुदूरपश्चिम प्रदेशसभामा स्वतन्त्र सांसद छन् ।

उनेपाले संगठन निर्माण र उम्मेदवार चयन प्रक्रियासँगै अन्य दललाई पार्टीमा जोड्ने अभियान जारी राखेको छ । मन्त्री घिसिङले कहिले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह त कहिले धरान उपमहानगरका मेयर हर्क साम्पाङसँग चुनावी एकताका लागि छलफल चलाइरहेका छन् । उनले रास्वपासित एकता नभए पनि चुनावी गठबन्धनसम्म गर्ने प्रयास गरिरहेका छन् । उनेपाका प्रवक्ता राजु थापाका अनुसार वैकल्पिक राजनीतिक शक्तिलाई जोड्ने विषयलाई पार्टीले तत्कालीन प्राथमिकतामा राखेको छ । 'सकेसम्म सबै वैकल्पिक र नयाँ शक्तिलाई जोड्न खोजिरहेका छौं, त्यो प्रयास जारी छ,' उनले भने, 'संगठन निर्माणलाई पनि अभियानका रूपमा अगाडि बढाएका छौं । बागमती प्रदेशमा अभियान नै चलाएका छौं भने काठमाडौंमा वडा तहमा पनि समिति गठन गरिसकेका छौं ।'

जेन-जी आन्दोलनका घाइते राजेश प्रतेलको संयोजकत्वमा राष्ट्रिय परिवर्तन पार्टी दर्ता भएको छ । उनले जेन-जी आन्दोलनका क्रममा दायाँ खुट्टा गुमाएका छन् । यो दलमा २१ केन्द्रीय सदस्य छन् । सबै जाति, लिंग, क्षेत्र र समुदायको समावेशी दल बनाउने संयोजक पोर्तेलले बताएका छन् । चुनावमा भाग लिएर जेन-जीको आवाज केन्द्रीय राजनीतिमा स्थापित गराउने उनले बताए । यो दलले हर्क साम्पाङको श्रम संस्कृति पार्टीलगायतसँग सहकार्यको प्रयास गरिरहेको छ ।

अन्य दलसँग पनि चुनावी सहकार्य गर्ने रणनीति रहेको पोर्तेलले बताए । 'गणतन्त्र, समावेशिता र धर्मनिरपेक्षता हाम्रो दलको सिद्धान्त हो,' उनले भने । अधिवक्ता रमण कुमार कर्णको अध्यक्षतामा जनादेश पार्टी गठन भएको छ । सर्वोच्च अदालत बार एसोसिएसनका सचिवसमेत रहेका कर्णको दलमा अभिनेत्री तथा सञ्चार उद्यमी एलिजा गौतम, अधिवक्ता जस्मिन ओझा लगायत छन् । 'एलजीबीटीआईक्यू कम्युनिटी'का लक्ष्मी घलान, जेन-जी आन्दोलनका घाइते मदन कार्की, पोखराकी जेन-जी नेता विप्लवी न्यौपानेलगायत पनि यस दलमा आबद्ध छन् ।

यो दलमा चुनावमा कसरी जाने भन्ने विषयमा छलफल चलिरहेको छ । अन्य दलसँग पनि गठबन्धन गरेर जानेबारे परामर्श भइरहेको जनादेश पार्टीकी संस्थापक नेता ओझाले बताइन् । 'हामी सकेसम्म अलायन्स निर्माण गरेर चुनावमा जाने विषयमा छलफलमा छौं, विभिन्न दलसँग संवाद चलिरहेको छ,' ओझाले भनिन्, 'आफैं एक्लै चुनावमा जानुपर्ने अवस्थाको पनि तयारी गरिरहेका छौं । संगठन विस्तारको काम भइरहेको छ । पहिलो केन्द्रीय समिति बैठकले चुनावी एजेन्डा र पार्टीको सिद्धान्तबारे छलफल गरेको छ ।'

# मधेशका मुख्यमन्त्री सरोजकुमार यादव बुधबार दिउँसो २ बजे विश्वासको मत लिने



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १६ मंसिर

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बुधवार विश्वासको मत लिने बताएका छन् ।

मङ्गलवार पत्रकार सम्मेलन गर्दै सर्वोच्च अदालतको आदेश अनुसार बुधवार दिउसो १ बजे विश्वासको मत लिने गरी व्यवस्था गर्न प्रदेश सभामा पत्र पठाएको जानकारी दिएका हुन् ।

यादवले आफूले विश्वासको मत पाउने दाबी गर्दै आफूले बुधवार विश्वासको मत लिने बताएका हुन् । यादवले आफूले सर्वोच्चको आदेश नपाएपछि आफ्नै अनुरोधमा प्रतिलिपि मगाएर विश्वासको मत लिन बैठक राखिदिन प्रदेश सभालाई आफूले पत्र लेखेको बताएका हुन् ।

उनले आफूले दलहरूसँग छलफल मै रहेको र भोली बिहानसम्म दलहरू पनि विश्वासको मत दिने नदिने स्पष्ट हुने बताएका छन् ।

# महोत्तरी-१ मा सरोज यादव पक्षधर प्यानल विजयी

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १६ मंसिर



नेकपा एमालेको आसन्न ११औं महाधिवेशनका लागि प्रतिनिधि छनोट प्रक्रिया अन्तर्गत महोत्तरी-१ मा सरोज यादव पक्षधर प्यानल विजयी भएको छ ।

सोमवार सम्पन्न मतदानको अन्तिम नतिजाअनुसार खुला तर्फ विराट विष्टले सर्वाधिक मतसहित अग्रता प्राप्त गर्दै विजयी बनेका छन् । उनीसँगै कुमार घिमिरे, काहारमान स्याङवा, शंकर महतो, गुन्जबहादुर खड्का र अरुणकुमार सिंह खुला श्रेणीका प्रतिनिधि चयन भएका छन् । महिला तर्फ विन्दु किङरीङ, सम्झना शर्मा पौडेल र सरस्वती चौधरी प्रतिनिधिमा निर्वाचित भएका छन् । जिल्ला अध्यक्ष बलिराम यादवका अनुसार, "महोत्तरी-१ मा प्राप्त यस जितले प्रदेशमा सरोज यादव र केन्द्रमा केपी ओलीको नेतृत्वलाई थप मजबुत बनाएको छ ।" प्रमुख निर्वाचन अधिकृत शिवशरण यादवका अनुसार कुल ८९६ प्रतिनिधिले मतदान गरेका थिए, जसमा १२ मत बदर भएको जनाए । यसअघि नै युवा तर्फ वर्दिबासका युवा नेता तथा इन्जिनियर रवि पोखरेल सर्वसम्मत रूपमा प्रतिनिधिमा निर्वाचीत भैसकेको निर्वाचन समितिले जनाएको छ ।

स्थानिय एमाले नेताहरूको विश्लेषण अनुसार, मधेश प्रदेशभर सरोज यादव समूहले ठूलो संख्यामा प्रतिनिधि जितेकाले आगामी महाधिवेशनमा केपी ओली पक्षलाई थप सहजता हुने देखिएको छ ।

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627



Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
33 Years of Academic Excellence

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



## सम्पादकीय..................

# जनताको विश्वास पुनर्स्थापित

*केवल चुनावको घोषणा हुनु र दलहरूले आकर्षक घोषणापत्र सार्वजनिक गर्नु मात्रले मौजुदा व्यवस्था र साबिकको संविधानप्रति नागरिकको घट्दो भरोसा पुनर्स्थापित गर्न पर्याप्त हुँदैन । सडकदेखि सामाजिक सञ्जालसम्म उठेका प्रश्नहरूलाई सम्बोधन नगरी जनताको मन जित्न सकिँदैन । त्यसैले अन्तरिम सरकारले पहिलो कदममै पारदर्शिता र जवाफदेहिता बलियो रूपमा कार्यान्वयन गर्नुपर्छ । भ्रष्टाचारका संवेदनशील मुद्दाहरूमा ढिलाइ नगरी छरितो अनुसन्धान र कानुनी कारबाही हुने देखिन्छ । यहीबाट मात्र नागरिकले परिवर्तन महसुस गर्न थालेको देखिन्छ ।*

*युवाहरू, विज्ञहरू, महिला, सीमान्त समूह तथा नागरिक समाजलाई उम्मेदवार छनोट र चुनावी नियम निर्माण प्रक्रियामा प्रत्यक्ष तथा अर्थपूर्ण रूपमा सहभागी गराउनु समावेशी लोकतन्त्रको आधार रहेको देखिन्छ । यसबाहेक चुनाव अघि राज्यव्यवस्थामा आवश्यक संस्थागत सुधार र संविधानका अस्पष्ट वा विवादास्पद धाराहरूको पुनरावलोकन सम्बन्धी खुला राष्ट्रिय बहस सुरु हुने देखिन्छ । यसले भविष्यको राजनीतिक स्थायित्व तथा सुशासनको आधार निर्माण गरिदिन्छ र जनताको विश्वास क्रमशः पुनर्स्थापित हुँदै जाने देखिन्छ ।*

# यादवको बा ०१००६ ख ५८१८ नम्बरको इभि चार्जिङ हायसमा गएराति अज्ञात व्यक्तिद्वारा आगजनी

जलेश्वरटुडे समाचारदाता
सिरहा, १६ मंसिर



लहान नगरपालिका वडा नम्बर २ भगवानपुर घर भएको नेकपा एमाले महाधिवेशन प्रतिनिधि चुनिएका जितेन्द्रकुमार यादवको बा ०१००६ ख ५८१८ नम्बरको इभि चार्जिङ हायसमा गएराति अज्ञात व्यक्तिले आगो लगाएका छन् ।

लहान काठमाडौं चलाउने हायस दुई वर्ष अघि ६० लाखमा खरिद गरेर चलाउने हायस सोमबार राति ११ बजे घर अगाडि राखिएको अवस्थामा आगो लगाइएको गाडी मालिक जितेन्द्र यादवले बताउनुभयो । मङ्सिर १३ गते नेकपा एमालेको एघारौं महाधिवेशनका लागि सिराहा १ का लागि भएको प्रतिनिधि चयनको निर्वाचनमा एक हजार १८८ मत प्राप्त गरेर विजय हुनुभएको थियो । लहानको इलाका प्रहरी कार्यालय लहानदेखि लहान १९ कटहा चोकसम्म पक्की सडक निर्माणका लागि सडक खनिएकाले बाटो अवरुद्ध हुँदा गोलबजार नगरपालिकाबाट वारुण यन्त्र आउन झण्डै दुई घण्टा लागेको थियो । आगो लागेपछि इलाका प्रहरी कार्यालय लहानबाट एक किलोमिटरको दूरीमा आगजनी हुँदा आधा घण्टा समय लाग्नु र लहान नगरपालिकामा ३० वर्ष अघि खरिद गरिएको वारुण यन्त्र बिग्रिएको अवस्थामा रहेकाले गोलबजारबाट वारुण यन्त्र आउँदा आगो नियन्त्रणमा नआएकाले लहान नगरपालिका र इलाका प्रहरी कार्यालय लहान गम्भीर नभएको भन्दै स्थानीयहरुले आक्रोश पोखेका छन् । यता इलाका प्रहरी कार्यालयले आगो लगाउने अपराधी व्यक्तिको खोजीमा प्रहरी लागिसकेको प्रहरी नायब उपरीक्षक कैलाश राईले बताउनुभयो । लहानमा घरकै अगाडि राखिएको व्यक्तिको गाडीमा आगो लगाएको पहिलो घटना भएको उहाँले बताउनुभयो ।

२४ वटा वडा भएको लहान नगरपालिकाको वारुण यन्त्र मर्मत नहुनु र आवश्यकताको आधारमा अर्को वारुण यन्त्र खरिद नगर्दा आगलागीबाट भइरहेको धनजनको क्षति रोक्न चुनौती देखिएको स्थानीयहरुले गुनासो पोखेका छन् । लहानको वारुण यन्त्र सुचारु भएको भए घटनास्थलसम्म आइपुग्न दस मिनेटको बाटो छ ।




अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# सोनल नेतृत्वमा सरकार गठनका लागि पहल थाले



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १६ मंसिर

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल मधेसका संसदीय दलका नेता जयनुल राइनले जितेन्द्र सोनल नेतृत्वमा सरकार गठनका लागि पहल थाल्ने बताएका छन् । सर्वोच्चको परमादेश अनुसार आजै अबेर साँझ २४ घण्टाभित्र मुख्यमन्त्रीलाई विश्वासको मतका लागि दिइएको समयसीमा समाप्त हुने बताउँदै उनले त्यस लगत्तै सरकार गठनका लागि आह्वानका लागि प्रदेश प्रमुखलाई भेटेर आग्रह गर्ने बताए ।

उनले भने 'मुख्यमन्त्रीजी विश्वासको मत लिन सक्ने स्थिति देख्दिनँ, समयसीमा पूरा भएलगत्तै हामी ७ दलका साथीहरु सरकार निर्माणका लागि पहल थाल्ने छौं ।' ७ दल भित्र जितेन्द्र सोनललाई नै मुख्यमन्त्रीको रुपमा अगाडि सार्ने सहमति भएको उनको दाबी छ ।

## तपाईको टुडे

मेष: खानपानमा समस्या आउने

वृष: अनावश्यक खर्चको संभावना

मिथून: पिछडेको साथी मिल्ने

कर्कट: विचार गरेर बोल्नुहोला

सिंह: आम्दानी हुने

कन्या: अनावश्यक चिन्ता

तुला: मनमा पछुतो आउने

वृश्चिक: मित्रतामा फाटो आउने

धनु: शुभ कार्यको शुरुवात

मकर: अशुभ समाचार प्राप्त हुने

कूम्भ: लामो यात्राको योग छ

मीन:पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |
| आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं | १९७ |

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

# अमेरिकामा सवारीसाधन खरीद योजना परिमार्जित: विद्युतीय सवारीको बजारमा ठूलो गिरावट

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १६ मंसिर



उच्च भन्सार शुल्क, बढ्दो महँगी र रोजगारी सङ्कुचनका कारण अमेरिकी नागरिकहरूले सवारीसाधन किन्ने योजना परिमार्जन गर्न थालेका छन्। एक अमेरिकी पत्रिकाका अनुसार, ग्राहकहरू अहिले साना र प्रयोग भएका सवारीमा बढी रुचि देखाइरहेका छन्।

यसै क्रममा, अमेरिकामा विद्युतीय सवारीसाधनको बजारमा ठूलो गिरावट आएको छ। गत मार्चमा विद्युतीय सवारी खरिदमा प्रदान हुने कर छुट समाप्त भएपछि हजारौं सम्भावित खरिदकर्ताहरूले खरीद रद्द गरेका थिए, जसले उद्योगमा थप दबाब सिर्जना गरेको छ। अमेरिकी प्रशासनले यस वर्ष फेब्रुअरीमा आयातित सवारीसाधनमा २५ प्रतिशत र मार्चमा सवारी पार्ट्समा थप २५ प्रतिशत भन्सार शुल्क लगाएको थियो । यसका कारण आयातित मात्र नभई स्वदेशमै बनेका सवारीसाधन पनि महँगा भएका छन्। फेडेरल रिजर्भको पछिल्लो बेइज पुस्तक अनुसार, जुलाईको सुरुदेखि अगस्तको मध्यसम्म अमेरिकी उपभोक्ता खर्च निरन्तर घटेको देखिन्छ।

साथै, मिशिगन विश्वविद्यालयले सार्वजनिक गरेको सूचकाङ्कले धेरै अमेरिकी नागरिकहरू रोजगारका अवसरप्रति निराश रहेको र बढ्दो महँगीका कारण खर्च कटौती गर्न बाध्य भएको निष्कर्ष निकालेको छ।

# 'कान्तारा' विवादमा रणवीरले मागे माफी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ मंसिर



भारतीय अन्तर्राष्ट्रिय फिल्म महोत्सव (इफ्फी २०२५)को समापन समारोहमा उनले फिल्मको ऋषभ शेट्टी अभिनित 'कान्तारा २'को एक दृश्यको नक्कल गर्दा विवादमा तानिएका थिए । उक्त कारण उनीमाथि धार्मिक भावनामा चोट पुऱ्याएको आरोप लागेको थियो।

सोही विषयमा उनले मंगलबार सोसल मिडियामार्फत सार्वजनिक रूपमा माफी मागेका हुन् । उनले आफ्नो आधिकारी इन्स्टाग्राम एकाउन्टमा एक पोस्ट गर्दै भनेका छन्, 'मेरो उद्देश्य केवल ऋषभ शेट्टीको जबर्जस्त अभिनयलाई हाइलाइट गर्नु थियो। मलाई थाहा छ कि त्यो विशेष दृश्यलाई ऋषभले जसरी प्रस्तुत गरेका छन्, त्यसरी गर्न कति समय र मिहिनेत लाग्छ। यसका लागि म उनको धेरै प्रशंसा गर्छु। मैले सधैं आफ्नो देशको हरेक संस्कृति, परम्परा र विश्वासको उच्च सम्मान गरेको छु।

यदि मैले कसैको भावनामा ठेस पुऱ्याएको छु भने, म हृदयदेखि नै माफी माग्छु।' घटना गत शुक्रबार आयोजित इफ्फी समापन समारोहको हो। कार्यक्रममा रणवीरले मञ्चबाट ऋषभको तारिफ गर्दै 'कान्तारा ३'मा काम गर्ने इच्छा व्यक्त गरेका थिए । सोही क्रममा उनले 'कान्तारा'को क्लाइमेक्सको एक दृश्यको नक्कल गरेका थिए, जसमा ऋषभको शरीरमा देउता (चामुन्डा देवी) को प्रवेश हुन्छ।

# विदेशी मुद्राको भाउ, कसको कति ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ मंसिर




नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर, युरोल गायतका विदेशी मुद्राको मूल्य आज भने वृद्धि भएको छ । निर्धारित विनिमयदरअनुसार अमेरिकी डलर एकको खरिददर १४२ रुपैयाँ ९८ पैसा र बिक्रीदर १४३ रुपैयाँ ५८ पैसा निर्धारण गरिएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १६६ रुपैयाँ ३१ पैसा र बिक्रीदर १६७ रुपैयाँ ०१ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १८९ रुपैयाँ १६ पैसा र बिक्रीदर १८९ रुपैयाँ ९६ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७८ रुपैयाँ १३ पैसा र बिक्रीदर १७८ रुपैयाँ ८८ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९३ रुपैयाँ ६८ पैसा र बिक्रीदर ९४ रुपैयाँ ०७ पैसा, क्यानेडियन डलर एकको खरिददर १०२ रुपैयाँ २६ पैसा र बिक्रीदर १०२ रुपैयाँ ६९ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११० रुपैयाँ ४० पैसा र बिक्रीदर ११० रुपैयाँ ८६ पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ २१ पैसा र बिक्रीदर नौ रुपैयाँ २५ पैसा, चिनियाँ युआन एकको खरिददर २० रुपैयाँ २२ पैसा र बिक्रीदर २० रुपैयाँ ३० पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३८ रुपैयाँ १० पैसा र बिक्रीदर ३८ रुपैयाँ २६ पैसा, कतारी रियाल एकको खरिददर ३९ रुपैयाँ २४ पैसा र बिक्रीदर ३९ रुपैयाँ ४० पैसा कायम भएको छ । केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ४७ पैसा र बिक्रीदर चार रुपैयाँ ४९ पैसा, युएई दिराम एकको खरिददर ३८ रुपैयाँ ९३ पैसा र बिक्रीदर ३९ रुपैयाँ ०९ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३४ रुपैयाँ ६१ पैसा र बिक्रीदर ३४ रुपैयाँ ७६ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ७४ पैसा र बिक्रीदर नौ रुपैयाँ ७८ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ १७ पैसा र बिक्रीदर १५ रुपैयाँ २४ पैसा र डेनिस क्रोनर एकको खरिददर २२ रुपैयाँ २७ पैसा र बिक्रीदर २२ रुपैयाँ ३६ पैसा तोकिएको छ।

# रोसिङटनको शतकमा पोखराले कर्णालीलाई दियो २०२ रनको लक्ष्य

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ मंसिर



इंग्लिस खेलाडी एडम रोसिङटनले सानदार ब्याटिङ गर्दै शतक प्रहार गरेपछि पोखरा एभेन्जर्सले सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) मा कर्णाली याक्सलाई २०२ रनको लक्ष्य दिएको छ । कीर्तिपुरस्थित टीयू अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा टस हारेर पहिले ब्याटिङ गरेको पोखराले निर्धारित २० ओभरमा २ विकेट गुमाएर २०१ रन बनाएको हो।

एनपीएल दोस्रो सिजन २०० रन बनेको यो दोस्रो पटक हो। यसअघि विराटनगर किंग्सले पोखरा एभेन्जर्सविरुद्ध २२० रन बनाएको थियो। ओपनर रोसिङटनले लगातार दोस्रो खेलमा उत्कृष्ट ब्याटिङ गर्दै ५८ बलमा अविजित १०८ रन बनाए । यस क्रममा उनले ११ चौका र ७ छक्का प्रहार गरे। रोसिङटनले १९औं ओभरको अन्तिम बलमा नन्दन यादवलाई चौका प्रहार गर्दै शतक पुरा गरेका थिए। त्यसक्रममा उनले ५५ बलमा ११ चौका र ६ छक्का प्रहार गरेका थिए। दिनेश खरेललाई ड्रप गरेपछि कप्तान कुशल भुर्तेल आफैं रोसिङटनसँग ओपनिङ गर्न आएका थिए। पहिलो विकेटका लागि रोसिङटन र भुर्तेलले ३४ रनको साझेदारी गरे। भुर्तेलले १७ बल खेल्दै २ चौका र १ छक्का प्रहार गरी १८ रन बनाए। त्यसपछि रोसिङटनले अर्का इंग्लिस ब्याटिङ ज्यासन रोएसँग शतकीय साझेदारी गरे।

यो जोडीले दोस्रो विकेटका लागि १२७ रनको साझेदारी गरे। एनपीएलको दोस्रो संस्करणमा यो दोस्रो ठूलो साझेदारी हो भने समग्रमा पाँचौ शतकीय साझेदारी हो।






# भूराजनीतिक भुमरीका आयाम

-जेन-जी विद्रोहले नेपालको राजनीतिक संरचनामा गहिरो असन्तोष र विद्रोहको लहर ल्याएको छ, जसले काकिस्टोक्रेसी, क्लेप्टोक्रेसी र जेरेन्टोक्रेसीजस्ता विकृत प्रवृत्तिहरूलाई एकै पटक चुनौती दिएको छ। नेपालको भूराजनीतिक परिवेशमा चीन, भारत र अमेरिकाबीचको प्रतिस्पर्धा र शंकाले देशको आन्तरिक राजनीति र संक्रमण व्यवस्थापनलाई थप जटिल बनाएको छ। नेतृत्वको कमजोरी, प्रशासनिक निकम्मापन र बाह्य शक्तिको हस्तक्षेपबीच नेपाली समाजले ऐतिहासिक चुनौतीको सामना गरिरहेको छ, जसको समाधानका लागि विश्वसनीय र सक्षम नेतृत्व अपरिहार्य देखिन्छ।

'काकिस्टोक्रेसी'को विषयमा गत वैशाखमा प्रकाशित लेखमा चर्चा गरेको थिएँ। विस्फोट यति धेरै शीघ्र रूपमा होला भन्ने अनुमान नभए पनि यसको नियति देशले भोग्नुपर्नेमा कुनै दुविधा थिएन। जेन-जी विद्रोहले 'काकिस्टोक्रेसी', 'क्लेप्टोक्रेसी' र 'जेरेन्टोक्रेसी' माथि एकै पटक ब्रजपातकै रूपमा प्रहार गर्‍यो। यो नै जेन-जी विद्रोहको सबैभन्दा ठूलो परिणाम हो। जेन-जी विद्रोहपछि हाम्रो सम्पूर्ण बहसमा षड्यन्त्र सिद्धान्तका तानाबानाले सार्वजनिक वृत्तमा कब्जा जमाएको छ। सामान्य रूपमा नेपाली समाजको संरचनात्मक अव्यवस्था, शासकीय निकम्मापन, अर्थराजनीतिक दुराचार र कूटनीतिक काइतेपनका कारण सिर्जित असन्तोषको विस्फोट नै पछिल्लो विद्रोह हो।

यसलाई कतिपयले नियन्त्रित विध्वंस पनि भनिरहेका छन्। हरेक पक्ष र व्यक्तिका टिप्पणीमा 'तर' नामक निपात जोडिएर आउनु नै यतिबेलाको सबैभन्दा बढी स्वीकृत साझा भाष्य बनेको छ। सूचना प्रविधिको नवीनतम आयामले उत्पन्न अभूतपूर्व अवसर र चुनौतीको तकाजाभित्र नेपाल मात्र नभएर सिंगो विश्व नै अन्यमनस्कको पीडाबाट गुज्रिरहेका बेला हाम्रा शासकीय दल र तिनका मुखियाहरूको बासी डकार कुनै नौलो कुरा भएन। संसारभरका वृद्धतन्त्रको साझा प्रवृत्ति भनेको नै दोष जति अरूको टाउकोमा थोपरेर वीरता र कीर्तिमानको गाथा गाउनेखालको कहिल्यै निको नहुने प्रवृत्तिको प्रदर्शन हो। 'काकिस्टोक्रेसी' (अयोग्य र भ्रष्ट नेतृत्वको शासन) भ्रष्ट शासन व्यवस्था र शैलीका लागि षड्यन्त्र सिद्धान्त र राष्ट्रवाद तथा धर्म संस्कृतिको संरक्षणको भाष्य घातक अस्त्र हुन्। 'क्लेप्टोक्रेसी' मा भ्रष्ट राजनेताहरूले कानुनको शासनबाहिर गोप्य रूपमा आफूलाई धनी बनाउँछन्, लबिस्टहरू र कर्पोरेसनहरूबाट कमिसन, घूस र विशेष सुविधाहरूमार्फत वा उनीहरूले केवल राज्यको कोषलाई आफू र आफ्ना सहयोगीहरूतर्फ निर्देशित गर्छन् ( कँडेल, कान्तिपुर, २०८२ वैशाख)। यही दुर्दान्त र अनिष्टकारी स्थितिको विद्रोह थियो, युवापुस्ताको आक्रोश। विद्रोहले सधैंभर सकारात्मक परिवर्तन ल्याउने 'ग्यारेन्टी' नभए पनि आमचाहना भने थप उन्नत अवस्थाकै हुन्छ। नेपाली इतिहासमा कहिल्यै नभएको विद्रोह र त्यसपछिको संक्रमणकाल व्यवस्थापनको जोरजाम जसरी गरियो, त्यसले बहुमुखी जटिलताका फणा फिँजाइरहेको छ। नेतृत्वको क्षमता, कुशलता र परिपक्वता प्रदर्शित हुने यस्तै संकटको बेलामा हो। तर दुर्भाग्य नै भन्नुपर्छ, नेपालले नेतृत्व पाउनुको बदला सबैखाले नेतृत्वलाई सराप्ने 'सडक पपुलिस्ट' लाई पायो।



सडकको वाहवाही र सत्ताको संकटबीचको भेदमै सुशीला कार्की नेतृत्वको मन्त्रिमण्डल अल्मलिइरहने मात्र होइन, राजनीतिक विरासतको परिवारकी सदस्यको संकेतसमेत नदेखिनु साँच्चिकै विडम्बना हो। जे प्रश्न सत्ता र शासकलाई उनले उठाइरहेकी थिइन्, त्यसको त कमसेकम मर्यादा राखिनुपर्ने हो। प्रधानमन्त्रीको आसनबाट कसको मुख हेर्न मन छ र छैन भन्ने कार्कीको शैली र उनका पूर्ववर्ती ओलीले कुनै बेला आफ्ना सहकर्मी 'प्रचण्ड-नेपालहरूको मुख हेर्नुभन्दा त मरेको भए श्रद्धाञ्जली भन्ने थिएँ', 'मुख कुल्ला गर्छु' भन्ने निकृष्टताका बीचको कुनै भेद छ र ? अझ रमाइलो समानता छ- किन त्यसो भनेको भन्ने जिज्ञासाको ओठेजबाफका रूपमा भनिन्- 'मैले कहाँ भनें ? प्रेसले नकारात्मक कुरा फैलायो।' जेन-जी विद्रोहले पक्कै ओलीको कार्बनपत्रका रूपमा अर्की वृद्ध नारी खोजेको पक्कै पनि थिएन।


सरकारहरूको भूमिकाः विचित्र रूपमा, अन्तर्राष्ट्रिय आर्थिक विश्वव्यापीकरणको वास्तविक मात्रा र प्रभाव प्रदर्शन गर्दै वैश्विक रङ क्रान्तिका लहरहरूले त्यहाँका सरकारहरू र राष्ट्रिय अर्थतन्त्रहरूको भूमिकालाई पुनः परिभाषित गरिरहेको छ। यसैबीच, वित्तीय संस्थाहरूको पुनःसंरचना सरकारहरूबीचको अन्तर्राष्ट्रिय राजनीतिको विषय बनेको छ। डेट्रोइटदेखि पेरिससम्म, सरकारहरूले मुख्य राष्ट्रिय उद्योगहरूलाई संरक्षण वा पुनःसंरचना गर्ने कदम चाल्दै गर्दा कर छलीका स्वर्गहरूमाथि कारबाही गर्न अपिल गर्दै छन्। यसखाले वैश्विक प्रतिस्पर्धा र रुझानका समयमा भूराजनीतिक रूपले सटीक चुम्बकीय नाभी बनेको नेपाल उनीहरूका लागि लगानीभन्दा बढी देशलाई थप खोक्रो पार्ने गरी खुफिया सूचना संकलन र षड्यन्त्र रणनीतिका लागि रकमको खोलो बगाउने स्वतः स्पष्ट छ।

यही उपक्रमको अभिव्यक्ति बहुरूपावली दलको गठन, त्यसका लागि बहुरङ्गी पात्र र प्रवृत्तिको ताहुरमाहुरले राजनीतिक प्रणालीलाई अराजनीतिक लोकरिझ्याइँको प्रलापबाट नियन्त्रण गर्ने हानथाप प्रस्टै बुझ्न सकिन्छ।

साभार : कान्तिपुर।















प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday